आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन




# हाम्रो अधिकारको कानून बनाऔं

## आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सबल पारौं

एम्नेस्टी
इन्टरनेसनल



आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार जस्तो कि खानाको अधिकार, पर्याप्त बसोबास, स्वास्थ्य, शिक्षा र कामको अधिकार मानवअधिकारको विश्वव्यापी घोषणापत्र, अन्य विभिन्न अभिसन्धी, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धी जसमा विश्वका १६० वटा राष्ट्र पक्ष छन् त्यसमा पनि उल्लेख गरिएको छ । यी अधिकारहरू धेरै राष्ट्रका राष्ट्रिय कानूनहरूमा पनि पहिचान गरिएका छन् । तथापि अहिले पनि दैनिकरूपमा १0औं लाख मानिस यी अधिकारबाट वञ्चित गरिएका छन् ।

सरकारहरुले अक्सर अन्तर्राष्ट्रिय कानूनअनुसार सबैलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सुनिश्चितताका लागि केवल ओठे प्रतिबद्धता मात्रै प्रकट गर्ने गरेका छन् । केहीले निरन्तर रुपमा जनताका अधिकार उल्लंघन गर्ने गरेका छन् । उदाहरणका लागि उनीहरुले मानिसलाई उनीहरुको घरबाट जबर्जस्ती निकाल्छन् । उनीहरु कतिपय समयमा जनताको अधिकारमाथि ज्यादती गर्नेबाट संरक्षण गर्न, अनुसन्धान गर्न र जनताको अधिकारमाथि ज्यादती गर्नेहरुलाई सजाय दिन असफल हुने गरेका छन् । उदहरणका लागि जब खानीसम्बन्धी जहाँका मानिस पिउने पानीमा भर पर्दछन् त्यसलाई प्रदूषित गर्दछ ।

धेरै सरकारहरुले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सबै मानिसहरुले महसुस गर्ने खालको सुनिश्चितताका लागि तत्काल र उपयुक्त कदम नचालेर अधिकारको उल्लंघन गरिरहेका हुन्छन् । उदाहरणका लागि यदि उनीहरुले बेफाइदा सार्वजिक साधन र स्रोतको निकासा दिंदा त्यसबाट बेफाइदा पुग्ने समूहहरुलाई प्राथमिकतामा राखेका हुँदैनन् ।

जब यस खालका उल्लंघन हुन्छन् जनतालाई न्याय पाउने अवसर अक्सर हुँदैन । धेरै देशहरुमा मानिसहरुले यी अधिकारको माग राख्न सक्दैनन् किनकि उनीहरुलाई राष्ट्रिय कानूनले पहिचान दिएको हुँदैन । उपचारको व्यवस्था, उनीहरुको अस्तित्व कहाँ हुन्छ भन्ने कुरा अप्रभावकारी वा पहुँच हुन नसक्ने खालको हुन्छ । खासगरी गरिबीमा रहेका मान्छेले न्यायको पहुँचमा बाधाको सामना गर्नुपर्दछ । र, सरकारले सधैं अदालतको आदेश वा अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रअन्तर्गत निर्णयलाई लागू गर्दैन ।

परिणामस्वरुप दण्डहीनताका कारण निरन्तररुपमा मानवअधिकारको उल्लंघन हुन्छ र आफ्ना कामका लागि सरकारहरु जबाफदेही हुँदैनन् ।

## प्रभावकारी उपचारको अधिकार

अन्तर्राष्ट्रिय कानूनमुताविक हरेक मानिसहरुसँग उनीहरुको अधिकार उल्लंघन भएमा त्यसको प्रभावकारी उपचारको अधिकार हुन्छ । उपचारमा पहुँचबिना मानवअधिकारको अर्थ ज्यादै सानो मात्रै लाग्छ ।

प्रभावकारी हुनका लागि सबै उपचार पहुँचयुक्त, धान्न सक्ने र समयमै हुनुपर्दछ । अदालत वा अन्य प्रतिष्ठानबाट प्रदान गरिने उपचार उजुरीपछि मात्र काममा आउँछ । यद्यपि, पीडितहरुको अदालतमा पहुँच हुनुपर्दछ त्यो नै एक मात्र उपचारको सुनिश्चितताका लागि प्रभावकारी कुरा हुन्छ ।

## उपचार र परिपूरणको अधिकार

अन्तर्राष्ट्रिय कानूनले मानवअधिकार उल्लंघनका सबै पीडितहरुलाई प्रभावकारी उपचार र परिपूरणको पहुँचको व्यवस्था गरेको छ । परिपूरणले हिंसाका परिणामहरुलाई सच्याउने आवश्यकतामा जोड दिन्छ । उपचार दिने कार्यमा संलग्न निकायले पीडितहरुलाई परेको खास चोटको क्षतिपूर्तिका लागि आवश्यक कदम चाल्नुपर्दछ । त्यसमा निम्नअनुसारका केही वा पूरै पर्दछन् :

- **सामानको क्षतिपूर्ति** : उदाहरणका लागि जबर्जस्ती विस्थापित गरिएकाहरुलाई घरमा पुनर्बासको व्यवस्था ।
- **क्षतिपूर्ति** :
- **पुनर्स्थापना** : सेवाका माध्यमबाट शारीरिक र मनोवैज्ञानिक चोटमाथिको सम्बोधन
- **सन्तुष्टि** : पीडितलाई सन्तुष्ट बनाउने खालको थप र वैकल्पिक उपचारको व्यवस्थामार्फत । जस्तो कि, सार्वजनिक रुपमा माफी र,
- यस खालका घटनाको पुनरावृत्ति नहुने कानूनी ग्यारेन्टी ।



'मलाई केही पनि नदिई छोडियो, तपाईंले मलाई देख्नुभएको भनेको मैले लुगा लगाइरहेको मात्र देख्नुहुन्छ ... मेरी श्रीमती र मैले ६ देखि १५ वर्षको बीचका पाँच जना केटाकेटीको हेरचाह गर्छौं ।'



*माथि : १० जुलाई २०१० का दिन केन्याको नैरोबीस्थित काबेती एनआईटीडी बसोबास क्षेत्रका भवनहरु नगरपरिषद्को डोजरले भवनहरु भत्कायो । जोसुवा (तस्वीरमा), उनकी श्रीमती र उनीहरुका ५ जना केटाकेटीलाई अलपत्र छाड्ने काम भयो । केन्याको नयाँ संविधान अगष्ट २०१० मा अनुमोदन भयो । जसले केही आर्थिक र सामाजिक अधिकारका साथै पर्याप्त बसोबासलगायतका कुरालाई पनि सो देशमा पहिलोपटक बाध्यकारी व्यवस्था गरियो । जसको परिणामस्वरुप जोसुवाजस्ता जबर्जस्ती धपाइने खतरामा रहेका मानिसले भविष्यमा बलियो उपचारको पहुँच पाउनेछन् ।*

*बायाँ : प्यालेस्टाइन गाउँलेहरुको अधिनमा रहेको आकाशबाट परेको पानी जम्मा गर्ने सिस्टर्नलाई अनुमति नलिई बनाएको भन्दै इजरायली सेनाद्वारा ध्वस्त बनाइयो । पानीसम्बन्धी परियोजनाको स्वीकृति प्यालेस्टाइनलाई यदाकदा मात्रै दिने गरिएको छ ।*

*अगाडिको कभर : २००९ को फेब्रुवरीमा इण्डोनेसियाको जोगजोकार्तामा घरेलु कामदारहरु प्रदर्शन गर्दै । उनीहरुले आफ्नो अधिकारको संरक्षण र पहिचानका लागि आवश्यक कानून बनाउन माग गर्दै सो प्रदर्शन गरेका हुन् ।*

© रुम्पुन टीजोक न्याक डाइन




*ट्रिटमेन्ट एक्सन क्याम्पेनका अभियन्ताहरु सन् २००३ को अगष्टमा दक्षिण अफ्रिकाको डर्बानमा भएको एड्ससम्बन्धी सम्मेलनमा ।*

## अदालतले फरक पार्न सक्छ

सरकार र न्यायपालिकाले बिस्तारै अवरोध अन्त्य गर्दै गएपछि विश्वभरिका मानिसहरुले सफलतापूर्वक आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अदालतसमक्ष दाबी गरिरहेका छन् ।

अप्रिल २००१ मा भारतमा पिपुल्स युनियन फर सिभिल लिबर्टिज नामको एउटा गैह्रसरकारी संस्थाले सरकारले पौष्टिक आहारको व्यवस्था नगरी खाद्यान्नको अधिकारको उल्लंघन गरेको भन्दै भारतको सर्वोच्च अदालतमा अपील गरेको थियो । विद्यालयमा खाजाका लागि अनुदान कार्यक्रम रहेको र थुप्रै राज्यमा गरिबीको रेखामुनि रहेका परिवारका लागि पनि यो व्यवस्था हुँदाहुँदै अपर्याप्तता भनेको गुणस्तर र सो उद्देश्य प्राप्तिमा अक्सर सीमितता रहेको अर्थ लाग्छ ।

नोभेम्बर २००१ मा अदालतले गरिबीको रेखामुनि रहेका परिवारका लागि छुट्याइएको न्युनतम खाद्यान्न रासनको ग्यारेन्टी कानूनी रुपमा बाध्यकारी र पूर्णरुपमा कार्यान्वयन गर्नुपर्ने आदेश दियो । अदालतले राज्यका अधिकारीहरुलाई पकाइएको खाना दिउँसोको खाजाका रुपमा दिन र त्यसमा चाहिने न्युनतम क्यालोरिफिक र प्रोटिनको व्यवस्थासहित वर्षमा कम्तीमा २०० दिन स्कूले विद्यार्थीलाई उपलब्ध गराउन आदेश दियो ।

यो आदेशले नागरिक समाजसँग सम्बन्धित समूहहरुलाई खाद्यान्नको अधिकारका सम्बन्धमा अभियान सञ्चालन गर्न सजिलो बनाइदिएको छ । यसबाहेक यसको कार्यान्वयनका लागि अनुगमन गर्न आयुक्तको पनि नियुक्ति गर्‍यो । यो अनुमान गरिएको छ कि सो आदेशमुताविक खाद्यान्नको पर्याप्तता भएपछि थप ३ लाख ५० हजार छात्राहरु हरेक वर्ष विद्यालयमा उपस्थित हुने गरेका छन् ।

सन् २००० मा दक्षिण अफ्रिकामा त्यहाँको सरकारले आमाबाट बच्चामा एचआईभी संक्रमण नहोस् भन्नका लागि प्रयोग गरिने एन्टी-रेट्रोभाइरल ड्रग नेभिरापाइन वितरणको अनुमति दिएन । त्यस्तो अनुमति नपाउनेमा ती सबै थिए जसलाई उपचार चाहिएको थियो । तिनमा ७० हजार बालबालिकालाई हरेक वर्ष संक्रमण भइरहेको छ । अधिकारीहरुले उनीहरुले आफ्नै कार्यक्रम सञ्चालन नगरेसम्म सो औषधी कुनै निश्चित स्थानमा मात्र उपलब्ध हुने निर्णय गरे । औषधीको सहयोग विश्व स्वास्थ्य संगठन र साउथ अफ्रिकन मेडिसिन्स कन्ट्रोल काउन्सिलले गरिरहेको र निर्माता कम्पनीले ५ वर्षसम्म औषधीको वितरण निशुल्क गर्ने भने पनि सरकारले यो निर्णय गर्‍यो ।

वकालत समूह ट्रिटमेन्ट एक्सन क्याम्पेनले यो विषयमा बृहत् परिचालन कार्यक्रम गर्‍यो र सरकारलाई अदालतमा लग्यो । सन् २००२ मा दक्षिण अफ्रिकाको संवैधानिक अदालतले स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि सरकारले नेभिरापाइन सार्वजनिक स्वास्थ्य केन्द्रमा समेत वितरण गर्ने अनुमति दिनुपर्ने आदेश दियो । यो निर्णयले सरकारको सो औषधीसम्बन्धी प्रावधानको विरुद्धमा कामको प्रयास गर्‍यो । यसबाहेक यसले ट्रिटमेन्ट एक्सन क्याम्पेनको अभियानलाई समेत बढाउने काम गर्‍यो । सन् २००३ मा दक्षिण अफ्रिकाको मन्त्रिपरिषद्ले एड्समाथि विजय पाउनका लागि अपरेसनल प्लानको अनुमोदन गर्‍यो । जसमा एन्टी-रिट्रो भाइरल उपचारलाई यसको एउटा प्रमुख माध्यमका रुपमा उल्लेख गर्‍यो ।



© Dermot Tatlow/PANOS

## पहिचान नभएका अधिकार

धेरै देशका राष्ट्रिय कानूनहरुमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पहिचानमा भएको कमी कार्यान्वयनका लागि बाधा बनेको छ। यसले जनतामा वास्तविक रुपमा प्रभाव परिरहेको छ।

अमेरिकामा स्वास्थ्य बिमालाई विस्तार गरिएको सम्बन्धी कानूनका बाबजुद २ करोडभन्दा बढी मानिस अझै बिमाको सुविधाबाट बाहिर रहने अवस्था रहेको छ। न्युन आम्दानीका अमेरिकीहरुका लागि अमेरिकामा गरिएको औषधोपचारजन्य व्यवस्था जटिल रहेको छ। कर्मचारीजन्य आवश्यकता पूरा गर्नुपर्ने भएकोले कतिपय अवस्थामा महिलाले बच्चा पाउनुभन्दा अघि नै पाउनुपर्ने सुविधा नपाएर कहिलेकाहीँ ढिलाइ व्यहोर्नुपरेको छ। कतिपय न्यून आय भएका महिलासँग आर्थिक रुपमा धान्न सक्ने अवस्था नहुँदा उनीहरु बच्चा जन्माउने बेलामा आवश्यक उपचार लिन पनि नसक्ने अवस्थामा रहेका छन्। सार्वजनिक स्वास्थ्य शिक्षा अपर्याप्त रहेको छ र गर्भनिरोधको जानकारीसम्बन्धी पहुँचको सूचना पनि अपर्याप्त रहेको छ। किनकि अमेरिकाले राष्ट्रिय कानूनमा स्वास्थ्यसम्बन्धी अधिकारको पहिचान गरेको छैन। महिलाहरुमा स्वास्थ्य केन्द्रसम्म पहुँच नपाएको बारेमा कानूनी उपचार खोज्ने विकल्प सीमित मात्रै रहेको छ। कतिपय सरकारहरुले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कानूनी रुपमा नै कार्यान्वयन गर्न बाध्य नभएका कारण उनीहरुले तिनीहरुलाई पनि चिन्दैनन्। यद्यपि अर्जेन्टिना, कोलम्बिया, इजिप्ट, जर्मनी, इण्डोनेसिया, लात्भिया र दक्षिण अफ्रिकाले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई उनीहरुको राष्ट्रिय कानूनको एक भागका रुपमा अघि बढाएका छन्। जसको कार्यान्वयनका लागि अदालतले दबाब दिन सक्छ।

बंगलादेश, भारत र पाकिस्तानका अदालतले ती देशका संविधानमा नै केही आर्थिक र सामाजिक अधिकार उल्लेख गरेको व्याख्या गरेका छन्। क्षेत्रीय मानवअधिकार प्रणाली जस्तो कि अमेरिकी राज्यहरुको संगठन, अफ्रिकन युनियन र काउन्सिल अफ युरोप हरेकले उजुरीको संयन्त्र बनाएका छन् जसले यीमध्येका केही मानवअधिकारको उल्लंघनमा उपचार प्रदान गर्न सक्छ।

केही सरकारहरुले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको कानूनी उपचारका

*छुटेकोरुरुरुरुरुरुरुरुरु??????*

---

विरुद्धमा तर्क गरेका छन्। उनीहरुको चासो के छ भने त्यसले आर्थिक र अन्य नीतिका लागि संसद्लाई भन्दा अदालतलाई अनुमति दिन्छ र यसले बजेटसम्बन्धी प्रक्रियामा हस्तक्षेप गर्दछ। यद्यपि व्यवहारमा अदालतले सामान्यतया नयाँ नीतिको विकास र अहिले विद्यमान रहेकाको संशोधनको काम गर्दछ। यसले नीतिहरु मानवअधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार रहे/नरहेको बारेमा बुझ्न अनुमति दिन्छ । तर सरकारले कुन नीति अवलम्बन गर्ने भन्ने सम्बन्धमा भने बोल्दैन।





© Rodif van Lohuizen/NOOR

## उपचारको अस्वीकार

अधिकारको पहिचान र त्यसका लागि कुनै प्रतिष्ठान बनाउँदा त्यसले कुनै पनि उल्लंघन भएका बेलामा प्रभावकारी उपचारको ग्यारेन्टी गर्न सक्दछ । यदि त्यो निकाय जसले मुद्दाको सुनुवाई गर्दछ ऊ न्याय दिन इच्छुक छैन वा प्रभावकारी उपचारको अनुमति दिन चाहँदैन वा सरकार त्यसप्रति नरम हुँदैन भने उल्लंघनले कुनै पनि सजाय पाउँदैन ।

जब सरकारहरुले अन्य राष्ट्रमा अभियान थाल्छन् त्यसले मानवअधिकार उल्लंघनका परिणाम पनि निकाल्छन् । जस्तो कि जबर्जस्ती हटाउने कामसम्बन्धी परियोजनामा लगानी गर्नेलगायतका काम गर्दा पीडितहरुका लागि उपचार सीमित वा अस्तित्वविहीन नै हुन सक्छ । शक्तिशाली बहुराष्ट्रिय कम्पनीबाट पीडित भएकाहरुका हकमा त्यहाँका सरकारहरु उपचारको व्यवस्था गर्न या त असफल भएका छन् या अनिच्छुक देखिएका छन् । कम्पनी रहेको देशस्थित अदालतसमक्ष उपचार खोज्ने प्रयत्न महँगो पर्ने गरेको छ । धेरै समय लिने र यदाकदा मात्रै सफल हुने गरेको छ ।

भारतको भोपालमा सन् १९८४ मा युनियन कार्वाइड इन्डिया लिमिटेड (युसीआईएल) द्वारा सञ्चालन गरिएको पेस्टिसाइड प्लान्टबाट चुहिएको ठूलो परिणामको रासायनिक पदार्थले १८ हजारदेखि २० हजार मानिसको ज्यान गयो । ५ लाख मानिस डरलाग्दो ग्याँसको चपेटामा परे । २५ वर्षपछि पनि चुहावट भएको क्षेत्रमा अझै खतरनाक सामग्रीहरु रहेका छन् । १ लाखभन्दा बढी मानिसहरु अझै पनि स्वास्थ्यसम्बन्धी समस्याबाट पीडित रहेका छन् र उनीहरुलाई औषधोपचारको व्यवस्था हुन सकेको छैन । अन्ततः भारतीय सरकार अदालतभन्दा बाहिर नै अमेरिकी कम्पनी युनियन कार्वाइडसमक्ष सहमतिमा पुग्यो । भारतको सर्वोच्च अदालतले सो सहमतिलाई पीडितहरुलाई उचित क्षतिपूर्तिको व्यवस्था उपयुक्त ढंगले उल्लेख नभएकै अवस्थामा पनि अनुमोदन गऱ्यो । यसबाहेक जीवित रहेकाहरुले क्षतिपूर्ति कोषमा पहुँचका लागि गरेको प्रयासमा कैयौं बाधा व्यहोर्नु पऱ्यो । जसमा भ्रष्टाचार, पुनरावेदनका लागि उपयुक्त संयन्त्रको अस्वीकार र त्यसमा ढिलाइजस्ता समस्या व्यहोर्नुपऱ्यो । सो औद्योगिक क्षेत्रमा सफाइका लागि अदालतमा परेको मुद्दा अझै विचाराधीन रहेको छ ।

यद्यपि मध्यप्रदेश उच्च न्यायालयले सो क्षेत्र सफाइका लागि यसअघि नै आदेश दिइसकेको छ । वर्षौंदेखि सरकारले सो आदेशमुताविक कार्यान्वयन प्रक्रिया भने अगाडि बढाएको छैन ।



© Private



*__सबैभन्दा बायाँ__ : दुई जना युवाहरु भोपालका सुन्दरनगर कोलोनीको एक इनारबाट सन् २००४ मा पानी झिक्दै । प्रशोधन गरिएका इनारका पाइपहरु सरकारले रातो रंग लगाइदिएको छ ।*

*__बायाँ__ : नाइजेरियाको डेल्टा राज्यको इरेकन समुदायका मानिस ग्याँस निस्किरहेको स्थान बन्द गर्दै ।*

*__तल__ : ताजिकिस्तानमा लिग अफ ओमन्स लयर्सद्वारा सन् २००९को जुलाईमा आयोजित महिला अधिकारसम्बन्धी एक अनुशिक्षण कार्यक्रममा सहभागी महिलाहरु ।*



## न्यायमा पहुँचका लागि बाधा

न्यायको खोजी कतिपय मानिसहरु खासगरी गरिबीमा रहेकाहरुका लागि अर्थविहीन हुन्छ । नाइजेरियामा तेल कम्पनीको प्रदूषणबाट पीडित मानिसहरु वकिलको शुल्क, यात्रामा हुने खर्च, अदालतको शुल्क, विज्ञ, प्रत्यक्षदर्शी र प्रदूषण रहेको छ भन्ने वैज्ञानिक प्रमाण देखाउनका लागि असमर्थ हुने गरेका छन् ।

ब्राजिलमा अदालतले अक्सर सर्वसाधारणलाई स्वास्थ्य हेरचाहको चाहना राख्ने गरेको छ जहाँ त्यसको अस्वीकार भइरहेको छ । तर संयुक्त रुपमा गरिएको कानूनी प्रक्रियाले पनि स्वास्थ्य हेरचाहको अधिकार सुनिश्चितता गराउनका लागि थोरै मात्र प्रगति भएको छ । जसले वकिलको शुल्क धान्न सक्छन् उनीहरुले मात्रै न्याय सुरक्षित गर्न सकेका छन् । न्याय प्रणालीमा पहुँचका लागि प्रयास गरिरहेका पीडित र उनीहरुका लागि काम गरिरहेकाहरुलाई सबै बाधा र पूरा गर्नुपर्ने प्रक्रिया हटाएर सरकार र विश्वभरि रहेका राष्ट्रिय न्यायपालिकाले सबैलाई न्यायको पहुँच पुग्ने अवस्था सिर्जना गरिदिनुपर्दछ । उनीहरुले यो सुनिश्चितता गर्नुपर्दछ कि सरकारको प्रणालीगत असफलताको उपचार सम्बोधन गरियोस् । हिंसामा परेका धेरै पीडितहरु सरकारलाई जबाफदेही बनाउनका लागि धेरै समय र पैसा खर्च गर्ने अवस्थामा रहेका छैनन् । केहीले केवल बाँच्नका लागि संघर्ष गर्नु परिरहेको छ । पीडितहरुमाथि परिरहेको चाप घटाइनुपर्दछ र राष्ट्रिय मानवअधिकार प्रतिष्ठानजस्ता निकायलाई सरकारको काम अनुगमन गर्न सक्रियतापूर्वक काम गर्नुपर्दछ, उल्लंघनको आरोपमा अनुसन्धान गर्नुपर्दछ र जहाँ आवश्यक तथा सम्भव छ त्यहाँ पीडितलाई अदालतमा पहुँचका लागि सहयोग गर्नुपर्दछ ।




## कानून कार्यान्वयन किन महत्वपूर्ण

केही परिस्थितिहरुमा सरकारहरुले राष्ट्रिय र क्षेत्रीय अदालतहरुले अधिकारको कार्यान्वयनलाई लिएर गरेका निर्णयहरुलाई कम आँक्ने गरेको छ । पारागुवेमा याके याक्सा र सहयोयामाक्सा जनजाति समुदायका मानिसहरु व्यस्त राजमार्गको छेउका साँघुरो स्थानमा रहेका अस्थायी घरहरुमा सफा पिउने पानी, खाना र औषधीको पहुँचबिना नै बस्दै आएका छन् । उनीहरुको पुर्ख्यौली जमिन निजी मालिकहरुको हातमा रहेको छ । सन् २००५ र २००६ मा मानवअधिकारसम्बन्धी अन्तरअमेरिकी अदालतले सो जग्गा याके याक्सा र सहयोमाक्सा जातिलाई फिर्ता गर्नुपर्ने निर्णय गरेको थियो ।

पारागुवे सरकारका महत्वपूर्ण सदस्यहरु आर्थिकरुपमा सबल जमिनका मालिकबाट प्रभावित भएको थियो, उनीहरुले अदालतको सो आदेशलाई अवरोध गरिरहे । अक्टुवर २००९ मा पारागुवेको सिनेटले याके याक्सालाई जनजातिको सो भूभाग फिर्ता गर्ने कुराको विरुद्धमा मतदान गरेको थियो ।

चेक रिपब्लिकमा रोमानी केटाकेटीहरुलाई मूलधारको शिक्षाबाट बारम्बार बाहेक गरिएको छ र उनीहरुलाई सामान्य रुपमा दिमागी अपांगता भएका केटाकेटीका लागि स्थापित व्यावहारिक विद्यालय र कक्षामा पठाउने गरिएको छ जहाँ पाठ्यक्रम अन्यत्रको भन्दा घटाइएको हुन्छ । सन् २००७ मा मानवअधिकारसम्बन्धी युरोपेली अदालतले विद्यालयमा जातीय विभेद नगर्न र उनीहरुलाई जतिसक्दो बढी सुविधा दिन अधिकारीहरुलाई भनेको थियो । चेक सरकारले विद्यालयका निर्देशक र क्षेत्रीय अधिकारीहरुलाई अनुपयुक्त ढंगले रोमानी केटाकेटीलाई व्यावहारिक विद्यालयमा राख्ने व्यवस्था नगर्न भनेको थियो । यद्यपि यी निर्देशनहरुको उपयुक्त ढंगले कार्यान्वयन भएन । र, सरकारले कानूनी र व्यावहारिक बचावट वा रोमालाई मूलधारको शिक्षामा समावेश गर्नका लागि कुनै पनि विशेष प्रक्रिया अपनाएन ।

यी निर्णय कार्यान्वयनमा कमी रहनुले दण्डहीनताको संस्कृति बढाउने र पीडितहरुद्वारा न्यायको खोजीका लागि गरिएका प्रयत्नलाई निरुत्साहित गर्ने अवस्था उत्पन्न भएको छ । नागरिक समाजद्वारा गरिएका राष्ट्रिय तथा तल्लो तहका अभियान र मानवअधिकार कानूनका लागि जनस्तरको समर्थन र त्यससम्बन्धी प्रतिष्ठान सरकारलाई जबाफदेही बनाउन महत्वपूर्ण हुन्छ ।

*क्याप्सन छुट्यो*

मानवअधिकारका लागि कानून कार्यान्वयन सबैका लागि मानवअधिकारका लागि सँगसँगै जानुपर्दछ । यसमा जसले फाइदा लिए पनि यसलाई सामान्यरुपमा लिइनुपर्दछ । ती जसले अरुको अधिकारको उल्लंघनलाई स्वीकार गर्छन् उनीहरुले भविष्यमा उमंग ल्याउने आफ्नै अधिकार खतरामा पार्दछन् ।





© Amnesty International




**माथि** : मंगोलियाको उलानबटारमा मंगोलियन टिचर्स ट्रेड युनियनद्वारा आयोजित मानवअधिकारसम्बन्धी कार्यक्रममा स्कूले बालबालिकाहरु सिक्दै ।

**दायाँ** : ब्राजिलस्थित साओ पाउलोको केन्द्रीय भागमा प्रेस्टेज माइया भवन । झण्डै १२ वर्षभन्दा बढी समयसम्म सो भवन परित्याग गरिएकोमा सन् २००३ मा ४६८ परिवारद्वारा सो भवनमा बसोबास गर्न थालियो र घरबारविहीनहरु बस्ने स्थानको प्रतीकका रुपमा यो चिनियो । केही वर्षसम्म यहाँबाट जबर्जस्ती धपाइने धम्की पाइरहे । पछि साओपाउलो राज्य अदालतले सो स्थान खाली गर्ने कुरासम्बन्धी निर्णय स्थगन गरिदियो र वैकल्पिक बसोबासका लागि स्थानीय नगर सरकारसँग सहमति सफलतापूर्वक सम्पन्न भयो ।

**सबैभन्दा दायाँ** : सन् २००९ मा बुर्किनाफासोको ओआगडोउगोउस्थित याल्गाडो अस्पतालमा रस्माता नामकी एक कलिलो उमेरकी महिला उनको पहिलो बच्चासँगै श्रममा । उनी मातृस्वास्थ्यसम्बन्धी एउटा साँगुरो वार्डमा चिकित्सकको पर्खाइमा बसिरहेकी छन् ।



## अन्तर्राष्ट्रिय न्याय

डिसेम्बर २००८ मा संयुक्त राष्ट्रसंघको महासभाले सहमतिमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी (आईसीईएससीआर) को ऐच्छिक उपलेख अनुमोदन गर्‍यो । सो उपलेखले आफ्नै देशमा अधिकार उल्लंघनमा परेकाहरुलाई सबल बनाउँछ । र, राष्ट्रिय रुपमा प्रभावकारी उपचार पाउन नसकेकाहरुलाई राष्ट्रसंघमार्फत उपचारको खोजीमा मद्दत गर्दछ ।

उजुरीहरु संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार समिति जसमा अन्तर्राष्ट्रिय विज्ञहरुको स्वतन्त्र प्यानल हुन्छ, द्वारा सुनिन्छ ।

सो उपलेखले उजुरी गर्नेले व्यक्तिगत रुपमा न्याय पाउने मात्र होइन कि यसका निर्णयका कारण विश्वभरिका राष्ट्रिय र क्षेत्रीय अदालतलाई प्रभाव पार्दछ । यसबाहेक यो कामले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कार्यान्वयनका लागि सरकारद्वारा भइरहेको असफलतामा ध्यान दिन्छ । यो उपलेख जो पक्ष राष्ट्र रहेका छन् उनीहरुका लागि बाध्यकारी हुन्छ । जब यसलाई १० राष्ट्रले अनुमोदन गर्दछन् त्यसपछि मात्रै लागू हुन्छ ।


© Anna Kari

यो उपलेख २४ सेप्टेम्बर २००९ मा हस्ताक्षरका लागि खुला गरिएको हो । जुलाई २०१० सम्ममा ३३ वटा राष्ट्रले यसमा हस्ताक्षर गरेका छन् । यसको मतलब यो अनुमोदनको अभिप्राय हो । इक्वेडर र मंगोलिया यसको अनुमोदन गर्ने पहिलो राष्ट्र भएका छन् ।

आईसीईएससीआर उपलेखका लागि एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था गठबन्धनको एक हिस्सा हो । जसले संयुक्त राष्ट्रसंघमा यो उपलेख ल्याउनका लागि महत्वपूर्ण भूमिका खेल्यो र विश्वव्यापी रुपमा यसको अनुमोदनका लागि अभियान सञ्चालन गर्दै आइरहेको छ ।

## सहस्राब्दी विकास लक्ष्य

विश्वका नेताहरुले संयुक्त राष्ट्रसंघीय सहस्राब्दी विकास लक्ष्य (एमडीजी) पूरा गर्नका लागि प्रतिबद्धता व्यक्त गरेका छन् । जसले गरिबी घटाउने, मातृस्वास्थ्यको सुनिश्चितता गर्ने, पानी र ढलको पहुँचमा वृद्धि गर्ने र अव्यवस्थित बसोबास क्षेत्रमा बस्ने मानिसहरुको अवस्था सुधार्ने लक्ष्य लिएको छ । तर, धेरै मानिस गरिबीमा रहेका छन् । जस्तो कि अव्यवस्थित बसोबास क्षेत्रका मानिस अक्सर एमडीजीका कार्यक्रमबाट बाहेक गरिएका छन् । उनीहरु सरकारलाई जबाफदेही बनाउने संयन्त्रमा सामेल हुन सक्दैनन् । यसको सट्टामा उनीहरु सरकारको सद्भावमा भर पर्नुपर्दछ । जब सरकारमा जबाफदेहिताको कमी हुन्छ उनीहरुका एमडीजीसम्बन्धी लक्ष्य असफल हुन पुग्दछन् ।

बुर्किनाफासोमा गर्भवती महिलाको स्वास्थ्य हेरचाहसम्बन्धी सरकारको नीतिलाई अस्पतालहरुले गैह्रकानूनी शुल्क लिएर कम आँक्ने काम गरिरहेका छन् । यस्तो मूल्य तिर्नुपर्ने महिलालाई उजुरीको सीमित विकल्प मात्र छन् । अस्पतालभित्र या मेडिकल नियमन निकाय वा अदालतमार्फत उजुरी गर्नका लागि आवश्यक पहुँचको संयन्त्रको अभाव रहेको छ ।

सरकारहरु मानवअधिकारको सुनिश्चितता र गरिबी घटाउने कुरामा गम्भीर रहेका छन् । उनीहरुले राष्ट्रिय जबाफदेहिता संयन्त्रको स्थापना गर्नै पर्दछ र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्रमा सामेल हुनुपर्दछ । जस्तो आईसीईएससीआरको ऐच्छिक उपलेखमा सामेल हुनुपर्दछ ।

# सिफारिसहरु

## एम्नेस्टी इन्टरनेसनल सबै सरकारलाई आव्हान गर्दछ :

### ■ आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कार्यान्वयनको सुनिश्चितता हुनुपर्दछ

सबै सरकारहरूले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी र यसको ऐच्छिक उपलेखको अनुमोदन गर्नुपर्दछ । सरकारहरूले यी अधिकारहरू राष्ट्रिय कानूनमा समेट्नै पर्ने कुराको सुनिश्चितता गर्नुपर्दछ ।

### ■ उल्लंघनको प्रभावकारी र पहुँचयुक्त उपचारको सुनिश्चितता हुनुपर्दछ

मानवअधिकार उल्लंघनका पीडितहरूलाई न्यायको पहुंचमा बाधालाई सरकारहरूले हटाउनै पर्दछ । खासगरी ती मानिस जो गरिबीका कारण न्यायबाट बाहेक गरिएका छन् र उनीहरूलाई कानूनी सहायता उपलब्ध गराउनुपर्दछ । उनीहरूले राष्ट्रिय मानवअधिकारसंग सम्बन्धित प्रतिष्ठानहरू र नियमन निकायसँग उल्लंघनका घटनाबारेका उजुरीमा अनुसन्धान गर्न र सरकारका काम मानवअधिकारयुक्त भए/नभएको अनुगमन गर्न सक्ने क्षमता र अधिकार भएको कुराको सुनिश्चितता हुनुपर्दछ ।

### ■ पूर्ण लेखाजोखा

सरकारहरूले न्यायपालिका र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रसँग सम्बन्धित निर्णयहरूको लेखाजोखा उपयुक्त ढंगले गर्नुपर्दछ ।

'हाम्रो मानवअधिकार कानून बनाऊ' भन्ने एम्नेस्टी इन्टरनेसनलको 'आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन' अभियानको मूल सन्देश हो । जसले मानवअधिकार उल्लंघनको अन्त्यको लक्ष्य राखेको छ । जुन उल्लंघनले गरिबीलाई अझ पर धकेल्ने र गहिरो बनाउने काम गर्दै आएको छ ।

आईसीईएससीआरसम्बन्धी ऐच्छिक उपलेखमा तपाईंको सरकारले हस्ताक्षर वा अनुमोदन गरे/नगरेको बारेमा जानकारी लिन र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सम्बन्धी अभियान सामग्री र स्रोतका लागि जानुहोस् :

website: www.amnesty.org/demand-dignity




WWW.DEMANDDIGNITY.ORG

AMNESTY INTERNATIONAL

एम्नेस्टी इन्टरनेसनल विश्वव्यापी अभियान हो जसका १५० भन्दा बढी मुलुक र क्षेत्रमा २८ लाख समर्थक,सदस्य र अभियन्ताहरुले गम्भीर मानवअधिकार उल्लघनको अन्त्यकालागि अभियान सञ्चालन गर्दछ ।

हाम्रो दृष्टिकोण भनेको हरेक व्यक्तिले विश्वव्यापी मानवअधिकार घोषणापत्र र अन्य मानवअधिकार मापदण्डद्वारा प्रदत्त अधिकारको उपभोग गर्न पाउनुपर्दछ भन्ने हो ।

हामी कुनै पनि सरकार राजनीतिक विचार,आर्थिक वा धार्मिक स्वार्थबाट स्वतन्त्र छौ र हाम्रो मुख्य आयश्रोत सदस्यता र सार्वजनिक अनुदान नै हो ।


www.amnesty.org

इन्डेक्स : एसीटी ३५/००२/२०१०
सेप्टेम्बर २०१०